अत्यन्त जरुरी

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**(कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)**

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११९९०
फ्याक्स नं. ०१-४२००३७५

प. सं.: २.१.६/०७९/८० मितिः-२०८०/०३/३१
च .नं 1256

**विषयः आ. व. २०७९/०८० को सम्पत्ति विवरण भरी/भराई अनलाइन प्रविष्टि समेत गर्ने सम्बन्धमा ।**

श्री शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुर
श्री चिकित्सा शिक्षा आयोग, सानोठिमी, भक्तपुर
श्री राष्ट्रिय परीक्षा वोर्ड,सानोठिमी : तहाँ र अन्तर्गत परिपत्र हुन
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र: तहाँ र अन्तर्गत परिपत्र हुन
श्री पाठ्यक्रम विकास केन्द्र,सानोठिमी,भक्तपुर
श्री शैक्षिक गुणस्तर परीक्षण केन्द्र,सानोठिमी,भक्तपुर
श्री केन्द्रीय आयोजना कार्यन्वयन ईकाई (शिक्षा), ज्ञानेश्वर
श्री राष्ट्रिय किताबखाना (शिक्षक), म्युजियममार्ग, छाउनी
श्री नेपाल राष्ट्रिय पुस्तकालय,हरिहरभवन,ललितपुर
श्री केशर पुस्तकालय,केशरमहल,काठमाण्डौं
श्री व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि,परियोजना, दोस्रो
श्री शिक्षाको लागि खाद्य परियोजना:तहाँ र अन्तर्गत परिपत्र हुन
श्री युनेस्कोको निमित्त नेपाल राष्ट्रिय आयोगको सचिवालय
श्री जनक शिक्षा सामाग्री केन्द्र लिमिटेड, सानोठिमी, भक्तपुर ।
श्री प्राविधिक शिक्षा तथा व्यावसायीक तालिम परिषद: तहाँ र अन्तर्गत परिपत्र हुन
श्री नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, खुमलटार
श्री राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, खुमलटार, ललितपुर
श्री डिल्लीरमण कल्याणी रेग्मी राष्ट्रिय पुस्तकालय ,लाजिम्पाट
श्री स्वप्न वगैचा विकास समिति, केसरमशल, काठमाडौं ।
श्री वि.पि.कोईराला मेमोरियल प्लानेटोरियम तथा अब्जरभेटरी र विज्ञान संग्राहलय विकास समिति, किर्तिपुर, काठमाडौं
श्री विश्वविद्यालय अनुदान आयोग, सानोठिमी, भक्तपुर
श्री त्रिभुवन विश्व विद्यलय,कीर्तिपुर,काठमाण्डौ ।
श्री नेपाल संस्कृत विश्वविद्यालय, दाङ ।
श्री काठमाण्डौ विश्वविद्यालय, धुलिखेल, काभ्रेपलाञ्चोक ।
श्री पूर्वाञ्चल विश्वविद्यालय, विराटनगर/गोठगाउँ, मोरङ्ग ।
श्री पोखरा विश्वविद्यालय, पोखरा महानगरपालिका, कास्की ।
श्री मध्यपश्चिमाञ्चल विश्वविद्यालय, वीरेन्द्रनगर, सुर्खेत ।
श्री कृषि तथा वन विश्वविद्यालय, रामपुर, चितवन ।
श्री सुदुरपश्चिम विश्वविद्यालय, कञ्चनपुर ।
श्री लुम्विनी वौद्ध विश्वविद्यालय, रूपन्देही ।
श्री राजश्री जनक विश्वविद्यालय, जनकपुर ।
श्री विदुषी योगमाया आयुर्वेद विश्वविद्यालय,पू.नि.वि.स.
श्री मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय विकास स.
श्री मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालय पू.नि.वि.स
श्री नेपाल खुल्ला विश्वविद्यालय, मानभवन, ललितपुर
श्री बुटवल/ वर्दिवास/सुर्खेत मेडिकल कलेज पू.नि.वि.आ.
श्री मेडिकल कलेज पू.नि.वि.स. गेटा,कैलाली
श्री नेपाल विश्वविद्यालय पूर्वाधार निर्माण तयारी समिति

प्रस्तुत विषयमा राष्ट्रिय सतर्कता केन्द्र (सम्पत्ति विवरण तथा अनुगमन शाखा) को प.सं २०७९/०८०,च. नं.११०००००४८, मिति २०८०/०३/२७ को पत्रबाट भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा "सार्वजनिक पदधारण गरेको व्यक्तिले त्यस्तो पद धारण गरेको मितिले ६० दिन भित्र र त्यस पछि हरेक आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नु पर्नेछ" भन्ने कानुनी व्यवस्था रहेको छ । साथै, भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३८ (ग) मा "सार्वजनिक पदधारण गरेका व्यक्तिले प्रचलित कानुन बमोजिम दिईएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ ।प्रस्तुत व्यवस्थाहरु अनुरुप केन्द्रबाट हरेक आ.ब. मा सार्वजनिक पद धारण गरेका व्यक्तिले सम्पत्ति विवरण पेश गरे नगरेको विषयमा तथ्यांक संकलन गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) एवं राष्ट्रिय सतर्कता केन्द्र (कार्य सञ्चालन) नियमावली , २०६५ को नियम ९ र १० बमोजिम कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाइने गरिएको छ ।

प्रस्तुत विषयमा अघिल्ला आर्थिक बर्षहरुमा झैं चालु आ.ब. मा समेत यस मन्त्रालय, अन्तर्गतका कार्यलय एवं सार्वजनिक संस्थानहरुमा कार्यरत पदाधिकारी/कर्मचारी (निजामती र स्थायी शिक्षक बाहेक) ले प्रचलित कानुन बमोजिम सम्पत्ति विवरण पेश गरे नगरेको

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## (कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखा)

सिंहदरबार, काठमाडौं

फोन नं. ०१-४२११९९०
फ्याक्स नं. ०१-४२००३७५

सम्बन्धी तथ्यांक प्रविष्टि गर्न केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरलाई थप अध्यावधिक गरिएको छ । यस आ.ब. देखि निम्न प्रकारका सम्पत्ति विवरणसम्बन्धी तथ्यांक प्रविष्टि गर्ने व्यवस्था गरिएको छ :

**(ख) हरेक आ.ब. शुरू भएको ६० दिन भित्र पेश गर्ने सम्पत्ति विवरण, (ख) नयाँ नियुक्ति भएको ६० दिन भित्र पेश गर्ने सम्पत्ति विवरण र (ग) सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिवानाको लागि लेखी आएपछि जरिवाना तिरी पेश हुने सम्पत्ति विवरण ।**

माथि उल्लिखित सम्पत्ति विवरणहरु यस मन्त्रालय, अन्तर्गतका निकायहरु एवं सार्वजनिक संस्थानहरुमा कार्यरत निजामती र स्थायी शिक्षक बाहेकका पदाधिकारी/कर्मचारीहरुले पेश गरे नगरेको तथ्यांक केन्द्रलाई उपलब्ध गराउन वेवपेज **www.nvc.gov.np** मा गई गत आ.ब. कै विधि र प्रक्रिया एवं युजर नेम र पासवर्ड प्रयोग गरी राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टि गर्ने/गराउने व्यवस्था हुन भनी लेखी आएको हुँदा माथि उल्लेख भए बमोजिम गर्न गराउन साथै, उल्लिखित प्रयोजनका लागि तहाँ कार्यालय/निकायबाट **एक जना सम्पर्क अधिकृतको नाम, पद, कार्यालयको नम्बर(इमेल समेत ) र सम्पर्क अधिकृतको मोबाइल नम्बर** समेत उपलब्ध गराई दिने व्यवस्था हुन अनुरोध छ । तहाँ एवं अन्तर्गतका निकायहरुमा कार्यरत पदाधिकारी तथा कर्मचारी (निजामती र स्थायी शिक्षक बाहेक) ले माथि उल्लिखित सम्पत्ति विवरण बुझाए नबुझाएको सम्बन्धी तथ्यांक मिति २०८०।०५।२८ गते पछिको १ (एक) महिना भित्र यसै पत्र साथ संलग्न ढाँचामा भरी देहायको युजर नेम र पासवर्ड प्रयोग गरी राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टि गर्ने/गराउने व्यवस्था गरी सोको विवरण समेत पुन ताकेता गर्न नपर्ने गरी यस मन्त्रालयमा अनिवार्य रुपमा पठाउनु हुन मन्त्रालयको मिति २०८०/०३/३१ को निर्णयानुसार अनुरोध छ ।

देहाय

युजर नेम- पासवर्ड-

द्रटव्यः-तालिम/अध्ययन विदामा रहेका, निलम्बनमा परेका र आ.ब.२०७९/८० मा अवकाश भएका वा हुने पदाधिकारी र कर्मचारीहरुको समेत अनिवार्यरुपमा सम्पत्ति विवरण भरी भराई राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन सफ्टवेयरमा प्रविष्टि गर्नु हुन अनुरोध छ ।

भगवती ज्ञवाली
(शाखा अधिकृत)

बोधार्थ

श्री राष्ट्रिय सतर्कता केन्द्र (सम्पत्ति विवरण तथा अनुगमन शाखा) सिंहदरवारः तहाँको, ,च. नं.११०००००४८,मिति २०८०/०३/२७ को पत्रका सन्दर्भमा ।(सम्पर्क गर्ने कर्मचारीको नाम- शा.अ.श्री भगवती ज्ञवाली-९८४१७४०९६९, प्रा.स. श्री प्रशान्त भट्टराई-९८५२०५८३६०)

श्री शैक्षिक प्रविधि तथा विद्युतीय सुशासन शाखाः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाण्डौ : वेवसाइटमा अपलोड गर्नु हुन ।

तालिका १

| क्र.सं. | कार्यालय, अन्तर्गतका निकाय एवं सार्वजनिक संथानहरुको नाम | कुल दरबन्दी संख्या | कार्यरत संख्या | आ.ब. २०७९/८० को सम्पत्ति बिबरण | | शुरु नियुक्तिको ६० दिन भित्र पेश भएको सम्पत्ति विवरण | | ५ हजार जरिवाना तिरी पेश भएको सम्पत्ति विवरण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | बुझाउनेको संख्या | नबुझाउनेको संख्या | |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |

क्र.सं. १ मा तहाँ कार्यालय र अन्य क्र.सं. हरुमा क्रमश आफू अन्तर्गतका कार्यालयहरु एवं सार्वजनिक संस्थानहरुको नाम राखी उल्लिखित विवरण भरी पठाउनु हुन ।

<u>तालिका २</u>

तालिका १ मा उल्लेखित संख्या बमोजिम सम्पत्ति बिबरण नबुझाउने कर्मचारी /पदाधिकारीको नामावली

| क्र.सं. | पद /श्रेणी /तह | नाम थर | कार्यरत कार्यालय | माथिल्लो निकायको नाम | बुझाउनु पर्ने सम्पत्ति विवरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |

- आवश्यकतानुसार तालिकामा पङ्ति **(Row)** र स्तम्भ **(Column)** हरु थपी विवरण भर्ने ।
- कार्यरत संख्या भन्नाले "तालिम/अध्ययन विदामा रहेका, निलम्बनमा परेका" समेतलाई बुझाउँछ ।
- आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी करार सेवामा लिइएको भए सम्पत्ति विवरण बुझाउने र नबुझाउने कर्मचारीहरुको संख्या र नबुझाउनेको नामनामेसी सहितको छुट्टै विवरण तयार गरी पठाउनु हुन ।
- बुझाउनु पर्ने सम्पत्ति विवरण भन्नाले "हरेक आ.ब.मा पेश गर्नु पर्ने सम्पत्ति विवरण, शुरु नियुक्तिको ६० दिन भित्र पेश गर्नुपर्ने सम्पत्ति विवरण वा सम्मानित अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट ५ हजार जरिवानाको लागि लेखी आएपछि पेश हुने सम्पत्ति विवरण" मध्ये कुन हो, यकिन गरी भर्ने ।